# मण्डनदेउपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड- ७ मण्डनदेउपुर, असार ०२ गते, २०८१ साल संख्या: ७

## भाग-१

## मण्डनदेउपुर नगरपालिका केही ऐनहरु संसोधन गर्न बनेको ऐन २०८०

*नगर सभाबाट पारित मितिः २०८०।०३।१५*
*प्रमाणित गरेको मितिः २०८०।०३।१५*

## मण्डनदेउपुर नगरपालिका, स्थानीय शिक्षा ऐन, २०७४ लाई (चौथो संशोधन) गर्न बनेको ऐन, २०८०

*पारित मितिः २०८०।०३।१५*

*प्रमाणित मितिः २०८०।०३।१५*

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षा ऐन,२०७४ (चौथो संशोधन २०८०)" रहेको छ।

**२. मूल ऐनको दफा २ मा थपः**

**थ. "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ**

१. दृष्टिबिहिन, न्यूनदृष्टियूत्त,बहिरा,अटिजम, सुस्त श्रवण बौद्धिक शारीरिक वा अन्य अपाङ्गता बालबालिका लाई नियमित शैक्षिक पद्धतिका अधिनमा दिने शिक्षा,

२. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिहरुलाई विभेदरहित वातावरणमा दिइने शिक्षा (सङ्घीय शिक्षा ऐनको दफा २.घ.१.क)

द. "विशेष विद्यालय" भन्नाले कुनै निश्चित वर्गका विशेष आवश्यकता भएका बालबालिकाहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थापना भएका बिद्यालयलाई सम्झनु पर्दछ । यस्ता विद्यालयहरुलाई क्रमशः समावेशी बिद्यालयमा रुपान्तरण गर्दै लगिनेछ।

ध. "स्रोत कक्षा" भन्नाले कुनै विद्यालयको मातहतमा कुनै निश्चित वर्गका विशेष आवश्यकता भएका बालबालिकाहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थापना भएका बिद्यालय माताहतका विशेषश कक्षालाई सम्झनु पर्दछ। यस्ता विशेष कक्षाहरुलाई क्रमशः समावेशी कक्षामा रुपान्तरण गर्दै लगिनेछ।

**३. दफा ५ मा थपः**

३. उपदफा १ र २ बमोजिमका माध्यममा अपाङ्गता भएका विद्यार्थीहरुका लागि पहुँचयुक्त माध्यमहरु साङ्केतिक भाषा दोभाषे, चित्रात्मक तथा सरल भाषा माध्यम, ब्रल लगायतका माध्यमबाट शिक्षा दिनुपर्नेछ।

**४. दफा ६ मा थपः**

१. स्रोतसाधनको व्यवस्थापन गर्न सकेसम्म सबै विद्यालयहरुलाई समावेशी विद्याललय बनाउने नीति लिइनेछ।

२. उपदफा १ अनुसार नहुँदासम्म सञ्चालनमा रहेका विषेश बिद्यालय, स्रोत कक्षा तथा दिवा केन्द्रहरु कायम रहनेछन्।

३. यस ऐन अनुसारका सबै कार्यहरु समावेशी तथा सबैका लागि पहुँचयुक्त शिक्षाका लागि गरिनेछ।

**५. दफा ८ मा थप**

१२. माथिका उपदफाहरुमा जेसुकै कुरा लेखिएको भएता पनि विद्यालय अपाङ्गता भएका विद्यार्थीहरु लगायत सबैलाई पहुँचयुक्त हुनुपर्नेछ। महिला, दलित र अपाङ्गता भएको ब्यक्ति/अभिभावकको प्रतिनिधित्व हुनेगरि शिक्षा क्षेत्रमा विज्ञता प्राप्त व्यक्तिहरुबाट प्रतिनिधित्व गरिनेछ।

**६.दफा १६.१.छ मा थप**

अपाङ्गता भएकालगायत सबैका लागि पहुँचयुक्त विद्यालय नीति विकास गरी कार्यान्वयन गरिनेछ।

**७.दफा १८.१.ङ मा थप**

महिला, दलित र अपाङ्गता भएको व्यक्ति/अभिभावकको प्रतिनिधित्व हुनेग गरी शिक्षा क्षत्रमा विता प्राप्त ब्यक्तिहरुबाट प्रतिनिधित्व गरिनेछ।

**८.दफा १८.२ मा थप**

अपाङ्गता भएका बालबालिकाको पहुँचमा समस्या भएमा पहुँचयुक्त गरिनेछ।

**९. दफा १९.१.ख मा थप**

अपाङ्गता भएका विद्यार्थीका अभिभावकको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ।

**१०. दफा १९.३ मा थप विद्यालयलाई पछिः** अपाङ्गतामैत्रि, समावेशी थप गरिनेछ।

**११.दफा १९.४ मा थप**

अपाङ्गता भएकालगायत सबैका लागि पहुँचयुक्त विद्यालय बनाउन गर्नुपर्ने कार्यहरु जस्तै सहयोगी शिक्षक, व्यक्तिगत सहयोगी, पहुँचययक्त कक्षाकोठा तथा विद्यालय, साङ्केतिक भाषा दोभाषे लगायतका आवश्यकीय व्यवस्थापन गरिनेछ।

**१२.दफा २३.१ मा थप**

अपाङ्गता वा अन्य कुनै पनि आधारमा विभेद हुने गरी स्रोत साधनको कमी लगायतका बहाना बनाई विद्यालय भर्ना नगरेमा वा छाड्न प्रोत्साहन, बाध्यता वा निष्कासन गरेमा।

**१३.दफा ३२.१ मा थप**

अपाङ्गतामैत्री बसाइ तथा शिक्षण सिकाईको व्यवस्था गरिनेछ।

**१४.दफा ३५.५ मा थप**

अपाङ्गता भएका विद्यार्थीमैत्री पाठ्यसामग्रीको प्रबन्ध गरिनेछ।

**१५.दफा ३६ मा थप**

सदाचार तथा अपाङ्गतामैत्रा क्लब गठन गरिनेछ।

**१६.दफा ३८.२ मा थपः**

समितिमा कम्तीमा १ जना अपाङ्गता अधिकार विज्ञको प्रतिनिधित्व हुनुपर्नेछ ।

**१७.दफा ३९.१ मा थप**

अपाङ्गता भएका लगायत सबैका लागि पहुँचयुक्त विद्यालय बनाउन गर्नु पर्ने कार्यहरु जस्तै सहयोगी शिक्षक, व्यक्तिगत सहयोगी, पहुँचयुक्त कक्षाकोठा तथा विद्यालय, साङ्केतिक भाषा दोभाष लगायतका आवश्यकीय व्यवस्थापन गरिनेछ ।

**१८.दफा ६०.२ मा थप**

समानता तथा गैर भेदभावको सिद्धान्त विपरीत अपाङ्गता भएका लगायतका कुनै पनि विद्यार्थिको अपाङ्गता वा अन्य कुनै पनि आधारमा विभेद गरेमा, विद्यालय भर्ना नगरेमा वा छाड्न प्रोत्साहन, बाध्यता वा निष्कासन गरेमा ।

**आज्ञाले,**

**डा.लोकबहादुर लोप्चन**

**प्रमुख प्रशासकीय अधिकृत**

## स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७४ लाई संशोधन गर्ने बनेको ऐन, २०८०

*पारित मितिः२०८०।०३।१५*

*प्रमाणित मितिः२०८०।०३।१५*

**१.संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७४ लाई संशोधन गर्ने बनेको विधेयक, २०८० रहेको छ।

**२. दफा ५.१.ग**

आमा समूह, अपाङ्गताका क्षेत्रमा कार्यरत त्यस्ता व्यक्तिहरुका संस्था, र स्वास्थ्य स्वयम सेविका सञ्जाल मध्येबाट प्रत्येक २ वर्षमा फरक समूहको प्रतिनिधित्व हुनेगरी कार्यपालिकाले तोकेको १ जना सदस्य

**३.दफा ५.२.छ मा थपः**

सुरुमा थप अपाङ्गता भएका व्यक्तिहरुलगायत... ।

**४. दफा ८.२. ख र दफा १०. २माः**

थप अपाङ्गतामैत्री भौतिक संरचना..................।

**५. दफा २७.३ मा**

थप अपाङ्गता भएका व्यक्ति..........................।

**६.दफा २७.४**

अपाङ्गता भएका कारणले जीवनपर्यन्त खानुपर्ने औषधी तथा स्वस्थ्य तथा सरसफाई सामग्री र सेवा निःशुल्क उपलब्ध गराइने छ।

**आज्ञाले,**

**डा.लोकबहादुर लोप्चन**

**प्रमुख प्रशासकीय अधिकृत**

## स्थानीय सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन-२०८०

*पारित मितिः२०८०।०३।०८*

*प्रमाणित मितिः२०८०।०३।०८*

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०८० रहेको छ।

**२. दफा १० मा थपः थप दफा १० को (१)**

समावेशी अवधारणाबाट वा खुलाबाट अपाङ्गता भएका कर्मचारीहरु नियुक्त हुनसक्ने भएकाले कार्यालयका भौतिक संरचना तथा सञ्चार यथासम्भव अपाङ्गतामैत्री बनाइनेछ र तत्काल कुनै अवरोध देखिन आएमा उपयुक्त अनुकूलताको अवधारणाअनुसार कार्य गर्नुपर्नेछ।

**३. १७.कः थप दफा १७ उपदफा क मा थप**

अपाङ्गता भएका कर्मचारीहरुलाई यथोचित वृत्ति विकासका अवसरहरु अन्य कर्मचारीसरह प्राथामिकता पूर्वक उपलब्ध गराइनेछ।

**आज्ञाले,**

**डा.लोकबहादुर लोप्चन**

**प्रमुख प्रशासकीय अधिकृत**

## स्थानीय कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ लाई संशोधन गर्ने बनेको ऐन-२०८०

*पारित मितिः २०८०।०३।१५*

*प्रमाणित मितिः २०८०।०३।१५*

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम स्थानीय कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ लाई संशोधन गर्ने बनेको विधेयक, २०८० रहेको छ।

**२. मूल ऐनको दफा २ मा थपः**

थप दफा २ नम्बर (म)"थप जोखिमयूक्त समदाय" भन्नाले आर्थिक सामाजिक तथा ऐतिहासिक कारणले पछाडि पारिएका अपाङ्गता भएका व्यक्तिहरु समेतलाई जनाउछ ।

**३. दफा ७ मा थपः**

दफा ७.घ मा भएको व्यवस्थापछि थप अपाङ्गता भएका व्यक्तिहरु लगायतका सीमान्तकृत समुदायको लगत अद्यावधिक राखी कृषि व्यवसायमा ईच्छुक भएमा आवश्यक तालिम, सहयोग उपलब्ध गराउने, अपाङ्गता अतिरिक्त खर्च तथा सहयोगको लागि कार्य गरिनेछ ।

**४. दफा ८ मा थपः**

अपाङ्गता भएका व्यक्तिहरुका उत्पादनमा थप प्रोत्साहन तथा कर लाग्ने रहेछ भने कार्यपालिकाले निर्णय गरी आंशिक वा सम्पूर्ण कर छुटको सुविधा उपलब्ध गरिनेछ ।

**आज्ञाले,**
**(डा.लोकबहादुर लोप्चन)**
**प्रमुख प्रशासकीय अधिकृत**

***मुल्य रु. ५ मात्र***